# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, फागुन १९ गते, २०७६ साल (अतिरिक्ताङ्क ३८

## भाग १

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७६ सालको ऐन नं. २२**

# प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**: प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ८ मा संशोधनः**

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (यस पछि मूल ऐन भनिएको) को दफा ८ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरेमा अध्यक्ष वा सदस्य पदबाट मुक्त हुनेछ।"

३. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. **पारिश्रमिक र सुविधाः** (१) आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा अनुसूची-१क. मा उल्लेख भए बमोजिम हुनेछ।

(२) आयोगका अध्यक्ष र सदस्यले उपदफा (१) बमोजिमको पारिश्रमिक र सुविधा निजले ऐनको दफा ४ को उपदफा (३) बमोजिम पद तथा गोपनीयताको शपथ लिएको मितिदेखि पाउनेछ।

(३) आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी सेवाका शर्त, पारिश्रमिक र सुविधा परिवर्तन गरिने छैन।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।"

४. **मूल ऐनमा दफा ९क. र ९ख. थपः** मूल ऐनको दफा ९ पछि देहायका दफा ९क. र ९ख. थपिएका छनः-

"**९क. बिदा सम्बन्धी व्यवस्थाः** (१) आयोगका अध्यक्ष तथा सदस्यले देहाय बमोजिमका बिदा पाउनेछन :-

(क) भैपरी आउने बिदा र पर्व बिदा,
(ख) घर बिदा,
(ग) बिरामी बिदा,
(घ) किरिया बिदा,
(ङ) प्रसूति बिदा,
(च) प्रसूति स्याहार बिदा।

(२) आयोगका अध्यक्ष तथा सदस्यले वार्षिक छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा पाउनेछ।

तर एक वर्षको भैपरी र पर्व बिदा अर्को वर्षको लागि सञ्चित हुने छैन।

(३) आयोगका अध्यक्ष तथा सदस्यले काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले घर बिदा पाउनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त घर बिदा बढीमा नब्बे दिनसम्म सञ्चित गर्न सकिनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको निमित्त "काम गरेको अवधि" भन्नाले भैपरी तथा पर्व बिदा बसेको दिन र सार्वजनिक बिदाको दिन समेतलाई कायम गरिनेछ।

(५) आयोगका अध्यक्ष तथा सदस्यले प्रत्येक वर्ष बाह्र दिनका दरले बिरामी बिदा पाउनेछन्।

(६) उपदफा (५) बमोजिम खर्च नभएको बिरामी बिदा सञ्चित गर्न सकिनेछ।

(७) आयोगका अध्यक्ष तथा सदस्यले उपदफा (४) र (६) बमोजिमको सञ्चित बिदा बापत निजले खाई पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम अवकाशको समयमा एकमुष्ट पाउनेछन्।

(८) आयोगका अध्यक्ष तथा सदस्यले आफैं किरिया बस्नु परेमा पन्ध्र दिनसम्मको किरिया बिदा पाउनेछन्।

(९) आयोगका अध्यक्ष वा सदस्य गर्भवती भएमा सुत्केरीको अघि वा पछि गरी अन्ठानब्बे दिनसम्म प्रसूति बिदा पाउनेछन्।

(१०) आयोगको अध्यक्ष वा सदस्यको पत्नी सुत्केरी भएमा निजले पन्ध्र दिनसम्म प्रसूति स्याहार बिदा पाउनेछन्।

(११) यस दफा बमोजिम सदस्यले पाउने बिदा अध्यक्षले र अध्यक्षले पाउने बढीमा सातदिन सम्मको घर बिदा तथा बिरामी

बिदा र भैपरी तथा पर्व बिदा निज आफैंले र सो बाहेकका अन्य बिदा प्रदेश प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।"

"**९ख.** **<u>औषधि उपचार</u>**: आयोगका अध्यक्ष तथा सदस्य आफू बिरामी भई स्वदेशमा उपचार गराउँदा लागेको सरकारी अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधि खर्च वा मासिक पारिश्रमिकको डेढ गुणामा जुन रकम कम हुन्छ सो बराबरको रकम औषधि उपचार बापत पाउनेछन्।

तर त्यस्तो उपचार खर्च बापतको रकम प्रदान गर्ने प्रयोजनका लागि चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको स्पष्ट निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ।"

५. **<u>मूल ऐनमा अनुसूची थप</u>**: मूल ऐनको अनुसूची-१ पछि अनुसूची-१क. थपिएको छ।

६. **<u>खारेजी र बचाउ</u>**: (१) प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७६ खारेज गरिएको छ।

(२) प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१क.

(ऐनको दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक, सेवा र सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | अध्यक्ष | सदस्य |
|---|---|---|---|
| १. | पारिश्रमिक(मासिक) | रु.६२,०००/- | रु.५५,०००/- |
| २. | आवास सुविधा (मासिक) घर भाडा सम्झौता पेश भएमा कार्यालयबाट नै भुक्तानी हुने | रु.२०,०००/- | रु.२०,०००/- |
| ३. | आफ्नो घरमा बस्ने प्रदेश लोक सेवा आयोगको अध्यक्ष तथा सदस्यलाई घर मर्मत तथा सरसफाई (मासिक) | रु.१०,०००/- | रु.१०,०००/- |
| ४. | लुगा भत्ता (वार्षिक) | रु.१०,०००/- | रु.१०,०००/- |
| ५. | सवारी साधन, चालक, मर्मत, इन्धन, मोबिल (मासिक) | कार्यालयबाट उपलब्ध हुने (इन्धन मासिक १०० लि. र मोबिल त्रैमासिक ५ लि.) | एक महिनाको सुरु स्केल बराबर रकम |
| ६. | चाडवाड खर्च | एक महिनाको पारिश्रमिक रकम | एक महिनाको पारिश्रमिक रकम |
| ७. | बिजुली, सञ्चार(मासिक) | रु.२,५००/- | रु.१,०००/- |
| ८. | दैनिक भ्रमण भत्ता(प्रतिदिन) | रु.२,०००/- | रु.२,०००/- |
| ९. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | २२५ अमेरिकी डलर | १७५ अमेरिकी डलर |

**प्रमाणीकरण मितिः २०७६।११।१९**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश ,हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-